# भाग ५

## नेपाल सरकार
## अर्थ मन्त्रालयको

### सूचना १

नेपाल सरकारले आर्थिक ऐन, २०६५ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी अद्वैत संस्था, नेपालले भारतको जयपुरबाट भा.रु.६२,०००।- (बैसठी हजार) मूल्य बराबरको सो संस्थाको संस्थापक ब्रम्हज्ञानी श्री गुरुदेव डा.क्षितीशचन्द्र चक्रवर्तीको पूर्णकदका तीन फिट अग्ला दुई थान संगमरमरका मूर्तिहरु आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महशुल, अन्य सम्पूर्ण कर तथा शुल्क पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना-२

नेपाल सरकारले आर्थिक ऐन, २०६५ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी नेपाल दलित महिला उत्थान केन्द्र, काठमाडौंको लागि नेपाल स्थित UNDP मा कार्यरत भारतीय नागरिक जानकी नारायणको नाममा रहेको ६६-०-०३८४ नम्वरको महिन्द्रा आर्मदा जीप उपहार स्वरुप प्रदान गर्दा भन्सार महसुल, मूल्य अभिवृद्धि कर, अन्त:शुल्क तथा स्थानीय विकास शुल्क पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना-३

नेपाल सरकारले आर्थिक ऐन, २०६५ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी नेपाल विद्युतीय परिवहन संघले सफा टेम्पो संचालन गर्न व्याट्री थान १०,५६० आयात गर्दा एक प्रतिशत भन्सार महशुल असुल गरी अन्य राजस्व छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना-४

नेपाल सरकारले आर्थिक ऐन, २०६५ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी वी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पाल, भरतपुरको लागि Monika Dubach Pharmaceutical Logistics, Switzerland बाट अनुदान स्वरुप प्रदान गरिने स्वीसफ्र्यांक १०,६४,०००.०० (दस लाख चौंसठी हजार)



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मूल्य बराबरको Glivec औषधिहरु आयात गर्दा भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना-५

नेपाल सरकारले आर्थिक ऐन, २०६५ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी समाज कल्याण परिषद् संग सम्झौता भई कार्यरत MSF, Holland नामको अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट वाढि पिडित राहतका लागि उपहार स्वरुप प्रदान गरिने यूरो १५०३६.२०(पन्ध्र हजार छत्तीस, सेण्ट बीस) मूल्य बराबरको २५ थान औषधि तथा स्वास्थ्य सामाग्रीहरु आयात गर्दा भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना-६

नेपाल सरकारले आर्थिक ऐन, २०६५ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी कोशी अञ्चल अस्पताल विकास समिति, विराटनगरले अमेरिकी डलर ५२,२८१.०० (बाउन्न हजार दुई सय एकासी) मूल्य बराबरको २३० के.भि.ए. क्षमताको अटो साइलेन्स प्रकृतिको जेनेरेटर भारतबाट आयात गर्दा एक प्रतिशत भन्सार महशुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना- ७

नेपाल सरकारले आर्थिक ऐन, २०६५ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी लोकसेवा आयोगको लागि भारत सरकारका तर्फबाट भारतीय राजदूतावास मार्फत हस्तान्तरण गरिने ४ (चार) थान Mahindra Scorpio Jeep (4WD) आयात गर्दा एक प्रतिशत भन्सार महशुल असुल गरी बाँकी भन्सार महसुल, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क तथा स्थानीय विकास शुल्क पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।



२३६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना- ८

नेपाल सरकारले आर्थिक ऐन, २०६५ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी संयुक्त राष्ट्र संघीय मिशनहरुमा नेपाल प्रहरीका तर्फबाट खटिई जाने प्रहरी कर्मचारीहरुका लागि संयुक्त राष्ट्र संघको Logistics Base को कार्यालयबाट निःशुल्क रुपमा प्रदान गरिने अमेरिकी डलर ३,७२०.३६ ( तीन हजार सात सय बीस, सेण्ट छत्तीस) मूल्य बराबरको 3 Boxes UN Berts Cap तथा अन्य सामानहरु आयात गर्दा एक प्रतिशत भन्सार महसुल अशुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना- ९

नेपाल सरकारले आर्थिक ऐन, २०६५ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी काठमाडौं महानगरपालिका वडा नं. ६ स्थित नमोबुद्ध धर्म ध्यान तथा शिक्षण केन्द्र (ठाडगु टासी छोयलिङ्ग गुम्बा) का लागि हङ्कङ्गबाट उपहार स्वरुप प्रदान गरिने हङ्कङ्ग डलर ६००.०० (छ सय) मूल्य बराबरको वेसल (Vessal) बुम्पा सामान (फुल राख्ने भाँडो) आयात गर्दा एक प्रतिशत भन्सार महसुल अशुल गरी बाँकी भन्सार महसुल, मूल्य अभिवृद्धि कर तथा स्थानीय विकास शुल्क पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना-१०

नेपाल सरकारले आर्थिक ऐन, २०६५ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी सप्तकोशी तटबन्ध फुट्न जाँदा भएको विपत्तीबाट पिडित जनताको लागि Nepalese Artists Association, Hongkong र त्याहाँका नेपालीहरुबाट सहयोग स्वरुप प्रदान गरिने करिव रु.१५,०००।- (पन्ध्र हजार) मूल्य बराबरको ५०० किलो लत्ताकपडाहरु आयात गर्दा भन्सार महसुल, मूल्य अभिवृद्धि कर लगायतका सबै कर शुल्क छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

३६३


*आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना-११

नेपाल सरकारले आर्थिक ऐन, २०६५ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी जल उत्पन्न प्रकोप नियन्त्रण विभागको लागि भारत सरकारबाट सहयोग स्वरुप प्रदान गरिने रु.५९,३४,९२६।३७ (उनान्साठी लाख चौंतीस हजार नौ सय छब्बीस, पैसा सैंतीस) मूल्य बराबरको ६(छ) थान सवारी साधन आयात गर्दा एक प्रतिशत भन्सार महशुल असुल गरी बाँकी भन्सार महसुल, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क तथा स्थानीय विकास शुल्क पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना-१२

नेपाल सरकारले आर्थिक ऐन, २०६५ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी जोगवनी-विराटनगर रेल्वे लिंक सर्भे कार्यको लागि प्रयोग हुने सवारी साधन तथा सर्भे उपकरणहरु एवं रु.१,५०,०००।- मूल्य बराबरको तयारी Pillar ३०० गोटा आयात गर्दा लाग्ने भन्सार महसुल, मूल्यअभिवृद्धि कर लागयतका कर शुल्क पुरै छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना-१३

नेपाल सरकारले आर्थिक ऐन, २०६५ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी सम्पर्क तथा भू-आर्जन कार्यालय गण्डक योजना, बाल्मिकी नगरको मुख्य पश्चिमी नहरको विभिन्न ठाउँमा भैरहेको निर्माण तथा मर्मत सम्भारको लागि सिमेण्ट २,५५२ बोरा र ७.८११७ मे.टन छड आयात गर्दा लाग्ने भन्सार महसुल, मूल्यअभिवृद्धि कर तथा स्थानीय विकास शुल्क पुरै छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना-१४

नेपाल सरकारले आर्थिक ऐन, २०६५ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी Himalayan Plantations Private limited ले Potassium nitrate र Calcium nitrate आयात गर्दा लाग्ने राजस्वमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

०२६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना -१५

नेपाल सरकारले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ५२ को उपदफा (७) ले दिएको अधिकार प्रयोग गरी नेपाल परिवार नियोजन संघको स्थापना भएको ५० औं वर्षको उपलक्ष्यमा देहाय बमोजिमको डिजाइन, नाप र तौल भएका चाँदीका स्मारिका सिक्काहरु निष्काशन गर्न नेपाल राष्ट्र बैंकलाई स्वीकृति दिएकोले यो सूचना प्रकाशन गरिएकोछ :-

**अग्रभाग :** वरिपरि ६४ थोप्लाभित्र वृत्ताकार रुपमा चन्द्र, सूर्य, शंख, चक्र, गदा, पद्‌म र तल्लो भागमा २०६५ रही वर्गाकार क्षेत्रमा सगरमाथाको लोगो र सोको तल नेपालीमा सगरमाथा रहनेछ ।

**पृष्ठभाग :** वरिपरि ६४ थोप्लाको घेराभित्र माथिल्लो भागमा अर्ध गोलाकार रुपमा नेपाल परिवार नियोजन संघ, त्यसको मुनि बायाँ भागमा नेपालीमा नेपाल र दायाँ भागमा अंग्रेजीमा NEPAL तथा बीच भागमा नेपाल परिवार नियोजन संघको लोगो, लोगोको बायाँ भागमा नेपालीमा रु.५०० र दयाँ भागमा अंग्रेजीमा Rs.500, लोगोको तल अंग्रेजीमा FPAN र सोको मुनी स्वर्ण जयन्ती र त्यस मुनी २०१६-२०६५ रहने छ ।

<u>स्पेसिफिकेशन</u>

| | | |
|---|---|---|
| दर | : | रु.५००।- |
| तौल | : | २३.३२८ ग्राम ± |
| धातु | : | ४० भाग चाँदी र ६० भाग अन्य धातु |
| व्यास | : | ३२ एम.एम. |
| सिरेशन् | : | धर्सो भएको |
| आकार | : | गोलो |
| अधिकतम निष्कासन परिमाण | : | २,००० थान |

आज्ञाले,
भेषराज शर्मा
सह-सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. २०।- लागु हुनेछ।
गो.द.नं. १६।०६२।६३

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।